## मिति २०७७/०३/१ गते सम्पन्न ४५ औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १ :**

आगामी आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम माथि विभिन्न क्षेत्रगत रुपमा छलफल गरी आगामी सातौं नगरसभा बैठकमा पेश गर्न सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिकाको सातौं नगरसभा बैठक यही मिति २०७७/०३/०६ गते शनिबारका दिन दिनको १.०० बजे आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधेयक समितिमा छलफल समेत भई पेश भएको निम्नानुसारको ऐनमा दफावार छलफल गरी उक्त ऐनलाई नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

- खैरहनी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७

**निर्णय नं. ४ :**

नगर शिक्षा समितिले तोकिएको समयावधी भित्र आवेदन गरेका र शिक्षा ऐन तथा नियमावलीले तोकेको मापदण्ड पुरा गरेका निम्नानुसारका विद्यालयहरुमा हाल सञ्चालनमा रहेको कक्षामा सञ्चालनमा रहेको भन्दा माथिल्लो एक कक्षा थप गर्न सिफारिश गरेकोले निम्नानुसारका विद्यालयहरुलाई निम्नानुसारका कक्षा थप गर्न स्वीकृती दिने निर्णय गरियो ।

तपसिल :

| क्र स | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | अनुमति दिइने कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | आ वि पिद्रहनी | खैरहनी-११ | १-५ | ६ | |
| २ | रा आ वि वस्यौली | खैरहनी-९ | १-७ | ८ | |
| ३ | ज्ञानसुधा इ बो स्कूल | खैरहनी-८ | १-२ | ३ | |
| ४ | कम्यूनिटी इ बो स्कूल | खैरहनी-३ | १-५ | ६ | |

**निर्णय नं. ५ :**

नगर शिक्षा समितिले विद्यालय समायोजन तथा शिक्षक व्यवस्थापन कार्यदलले दिएको सिफारिश समेतका आधारमा विद्यार्थी संख्या तोकिएको मापदण्ड भन्दा कम रहेका विद्यालयहरुलाई यसै शैक्षिकसत्रबाट लागु हुने गरी निम्नानुसारका विद्यालयहरुलाई निम्नानुसारका विद्यालयमा सञ्चालीत कक्षा घटाई विद्यार्थीहरुलाई नजिकको विद्यालयमा समायोजन गर्ने गरी सिफारिश गरेकोले निम्नानुसारका विद्यालयहरुलाई यसै शैक्षिकसत्रबाट लागु हुने गरी कक्षा घटाउने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कक्षा घटाउने वा समायोजन हुने विद्यालय | हाल सञ्चालित कक्षा | हाल रहेको दरबन्दी | विद्यार्थी सङ्ख्या | | | कायम हुने तह र कक्षा | कटौतिमा परेको कक्षा | मूल विद्यालय र गाभिने कक्षा | | मूल विद्यालय रहेको वडा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १-३ | ४-५ | ६-८ | | | | | | |
| १. | श्री आ.वि. टुङ्गारा, ०३ | कक्षा ५ सम्म | ३ | ३० | १३ | | कक्षा १ -३ | कक्षा ४-५ | श्री चण्डी आ.वि. | कक्षा ४-५ | ०३ | |
| २. | श्री आ.वि. सुल्ताना, ०७ | कक्षा ७ सम्म | ७ | २७ | १६ | २१ | कक्षा १-५ | कक्षा ६-७ | श्री खैरहनी मा.वि. | कक्षा ६-७ | ०६ | |
| ३. | श्री आ.वि. जिवनपुर, १० | कक्षा ५ सम्म | ५ | १८ | १३ | | १-३ | कक्षा ४-५ | श्री कठार मा.वि. | कक्षा ४-५ | १० | |
| ४. | श्री आ.वि. जनकपुर | कक्षा ८ सम्म | ८ | ३० | २३ | ३८ | कक्षा १ -५ | कक्षा ६-८ | श्री कपिया मा.वि. | कक्षा ६-८ | १३ | |

**निर्णय नं. ६ :**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न वडास्तरबाट माग भई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राथमिकीकरण भई आएका तपसिल बमोजिमका आयोजनाहरुलाई नगर प्रमुखबाट कार्यपालिकाबाट अनुमोदन गराउने गरी मिति २०७७/०२/०६ गतेका दिन सञ्चालन स्वीकृती प्रदान गरिएकोमा उक्त आयोजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | १ | सुन्दर खानेपानीको पाईप लाईन विस्तार | २५०,०००।०० | |
| २ | ३ | धारापानि लदरा २ जल उपभोक्ता संस्था अन्तर्गतको कुलो सफा गर्ने | २००,०००।०० | |
| ३ | ६ | सिचाँइका लागि कुलो तथा पैनी निर्माण तथा मर्मत | १७५,०००।०० | |
| ४ | ७ | सिचाँइका लागि कुलो तथा पैनी निर्माण तथा मर्मत | १७५,०००।०० | |
| ५ | १० | राप्ति नगरपालिकाको सिमाना देखि शान्ति बजार हुदै खै.न.पा.को ७ को सिमाना देखि बढगाउ हुदै सोहनपुर सम्म वृक्षरोपण गर्ने । | २५०,०००।०० | |
| ६ | १२ | खै.न.पा.-१२ भित्र रहेको कुलो सरसफाई, उम्राहा घोलमा तटबन्धन, दरैबोटे ताल सरसफाई, सामुदायिक वनमा पोखरी निर्माण, विद्यालयमा पुर्वाधार निमार्ण (कुमरोज, जनकपुर, सिसानी, कपिया) | २००,०००।०० | |
| ७ | १३ | नहर, कुलो मर्मत सम्भार तथा सफाई (सिम्रहनी, गबै, हर्नरी) | २१३,०००।०० | |
| **जम्मा** | | | १४,६३,०००।०० | |

**निर्णय नं. ७ :**

नगरपालिकाले स्थापना गरेको विपद व्यवस्थापन कोषमा हालसम्म जम्मा रु.८१,३७,२५६।- जम्मा भएको र सो कोषबाट यही २०७७ जेठ मसान्तसम्ममा रु.७९,८१,८०१।- खर्च भएको विवरण कार्यापालिकाको कार्यालयबाट प्रस्तुत भएकोले सो खर्च रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| हालसम्मको कूल आम्दानी | रु. ८१,३७,२५६।- |
| हालसम्मको कूल खर्च रकम | रु.७९,८१,८०१।- |
| बाँकी | रु.१,५५,४५५।- |

**खर्च मध्ये :**

| | |
|---|---|
| राहत वितरण | रु. ७३,७७,९११।- (त्यस मध्ये ढुवानीको रु.१,३२,५००।-) |
| प्रचार प्रसार | रु.३४,५०१।- |
| क्वारेन्टाईन खर्च | रु.२,६५,३३०।- |
| स्वास्थ्य सामाग्री | रु.१,५३,५८४।- |
| गाडी भाडा (विभिन्न स्थानबाट क्वारेन्टाईनमा बस्ने व्यक्तिहरुलाई ल्याउँदा लागेको खर्च) | रु.१,२२,२२५।- |
| विविध (एम्बुलेन्समा पार्टशन) | रु.२८,२५०।- |

**निर्णय नं. ८ :**

पाँचौ नगरसभाले विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनको लागि भनी वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन (पुँजीगत) शिर्षकमा विनियोजन भएको रु.१,००,००,०००।- मध्येबाट मिति मिति २०७६/१२/३० मा रु.२५,००,०००।- र मिति २०७७/१/१६ मा रु.३२,००,०००।- रकम नगरपालिकाले स्थापना गरेको विपद व्यवस्थापन कोषमा जम्मा गरेको विवरण कार्यापालिकाको कार्यालयबाट प्रस्तुत भएकोले सो मितिमा उक्त कोषमा जम्मा भएको रकम रु.५७,००,०००।- लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

कोभिड १९ को माहामारीको कारण नेपाल सरकारबाट जारी गरिएको लकडाउनको समयमा दैनिक ज्यालामजदुरी गरी जीवन निर्वाह गर्नु पर्ने मजदुर परिवारलाई नगरपालिकाको तर्फबाट राहत प्रदान गर्नको लागि कार्यपालिकाको कार्यालयबाट तयार गरी नगर प्रमुखले पछि कार्यापालिकाबो बैठकबाट अनुमोदन गराउने गरी स्वीकृत गरेको खैरहनी नगरपालिकाको श्रमीक वर्ग तथा असहायहरुलाई राहत सामग्री वितरण सम्वन्धी कार्यविधि – २०७६ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

सार्वजनिक सेवा तथा क्षमता विकास समितिको मिति २०७७/२/२९ को निर्णयानुसार नगर कार्यपालिकाको कार्यालयको कामलाई चुस्त दुरुस्त रुपमा सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि निम्नानुसारका पदमा कर्मचारी आवश्यक भएकोले उक्त पदहरुको लागि दरबन्दी सृजना गर्न कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरे अनुसार तपसिलमा उल्लेखित पदमा तपसिल बमोजिमका संख्यामा दरबन्दी कायम गर्न नगरसभाका सिफारिश गर्ने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| (१) | सूचना प्रविधि अधिकृत | १ जना |
| (२) | नगर प्रहरी | ५ जना |
| (३) | ल्याव टेक्निसियन | १ जना |
| (४) | ईलेक्ट्रोनिक टेक्निसियन ना.सु.स्तरको | १ जना |